मिति २०७७ पौष २६ गते आईतबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन कार्यकारी समितिको <u>दशौं बैठकका निर्णयहरु</u>

<u>निर्णय नं. १:-</u> अर्थ मन्त्रालयको राय समेत समावेश गरेर तयार भएको *"मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७"* स्वीकृत गर्ने।

<u>निर्णय नं. २:-</u> उक्त कार्यविधिको कार्यान्वयनको लागि आवश्यक पर्ने जनशक्ति, अनुभव आदानप्रदान लगायत श्रोत सहयोग गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई अनुरोध गर्ने। अन्य मन्त्रालय तथा निकायहरुले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुरोधमा आवश्यकता अनुसार सहयोग उपलब्ध गराउने।

<u>निर्णय नं. ३:-</u> प्रस्तावित 'विपद् जोखिम वित्तिय व्यवस्थापन रणनीति (Disaster Risk Financing Strategy), २०७७', 'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन स्वयम् सेवक व्यूरो गठन तथा परिचालन निर्देशिका, २०७७' र Simulation Manual का सम्बन्धमा आवश्यक अध्ययन गरी परिमार्जन सहित पेश गर्न गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सह सचिवको संयोजकत्वमा सरोकारवाला निकायहरुको प्रतिनिधित्व रहने गरी आगामी कार्यकारी समितिको बैठकमा अन्तिम मस्यौदा पेश गर्ने गरी एक कार्यदल (Task Force) गठन गर्ने ।

<u>निर्णय नं. ४:-</u> Monitor for Disaster Strategic Action Plan (MDSA), mdsa.bipad.gov.np लाई स्वीकृत गरी कार्यान्वयनका लागि सम्बन्धित संघ, प्रदेश तथा स्थानीय तहका निकायहरु र विकास साझेदार संस्थाहरु तथा अन्य मन्त्रालयहरु, प्रादेशीक र स्थानीय सरकरद्वारा स्थापना गरिएको डाटा प्रणाली (Data System) हरुसँग दोहोरोपन (Duplication) नहुने गरी सबै सरोकारवाला निकायहरुलाई निर्देशन दिने।

<u>निर्णय नं. ५:-</u> विपद् जोखिम आंकलन - प्रकोप, सम्मुखता, तथा संकटासन्नता (Risk assessment and mapping, hazard modelling, exposure data, vulnerability) सँग सम्बन्धित तथ्याङ्कहरु र नक्सांकन (mapping) सम्बन्धी स्पष्ट विवरण bipadportal.gov.np मा प्रविष्टी गर्नुपर्ने भएकोले उक्त सबै तथ्याङ्कहरु राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनिवार्य रूपमा उपलब्ध गराउन सबै सरकारी निकाय तथा गैर-सरकारी संघ संस्थाहरुलाई अनुरोध तथा निर्देशन दिने।

<u>निर्णय नं. ६:-</u> विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६ को व्यवस्था बमोजिम कार्यान्वयनमा ल्याउनु पर्ने विषयगत मन्त्रालयहरु वा अन्तर्गतवाट तयार भएका र तयार हुने विपद् जोमिख न्यूनीकरण तथा व्यवस्थापनसँग सम्बन्धित कार्यविधि, मापदण्ड, निर्देशिका (Guidelines), तालिम तथा पाठ्यक्रम (Training and or curriculum) आदिमा एकरुपता कायम हुने गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँग समन्वय गरी कार्यकारी समितिबाट स्वीकृत गराइ कार्यान्वयनमा ल्याउन निर्देशन दिने।

<u>निर्णय नं. ७:-</u> राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको म्याद निकट भविश्यमा नै सकिन लागेकोले सो प्राधिकरणको ज्ञान, सीप, सम्पत्ति, अनुभव, जनशक्ति, प्रविधि, साधन स्रोत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
बबरमहल

प्राधिकरणलाई हस्तान्तरण गर्नु वाञ्छनीय हुने देखिएकोले यी दुबै निकायहरुले आपसमा सहकार्य गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको engagement र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको disengagement रणनीति बनाई कार्यान्वयन गर्न निर्देशन दिने।

निर्णय नं. ८:- नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिका वडा नं. १ को नेगी भन्ने स्थानमा करिब २००० घनमीटरको ढुंगाले तलको बस्तीमा सिर्जना गरेको जोखिम व्यवस्थापन गर्न स्थलगत अध्ययन प्रतिवेदनका आधारमा तत्काल, मध्यकाल एवं दीर्घकालमा के गर्नु पर्ने हो प्राथमिकता सहितको कार्यान्वयन खाका राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार गरी अर्को कार्यकारी समितिको बैठकमा पेश गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
बबरमहल

अनिल पोखरेल
सदस्य-सचिव